नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस.कोरिया शाखा
ग्वार्को, ललितपुर ।

मितिः- २०८३/०६/२७

# सन् २०२६ को कोरियन भाषा परिक्षा (EPS-TOPIK 2026, UBT) संचालन सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

सन् २०२६ को Point Based Selection System अन्तर्गको Service 1, Forestry, Agriculture & Livestocks र Manufacturing क्षेत्र तर्फको कोरियन भाषा परिक्षा (EPS TOPIK-2026, UBT) का लागि परिक्षा मिति तपसिल बमोजिम निर्धारण गरिएको सम्बन्धित सरोकारवाला सबैमा जानकारीका लागि अनुरोध छ ।

तपसिलः-

- **परीक्षा सञ्चालन मितिः-** २०८३/०८/०१ गते (१७ नोभेम्बर, २०२६) मंगलबार देखि सञ्चालन हुनेछ ।

| सि.नं. | क्षेत्र (Sector) | देखि | सम्म |
|---|---|---|---|
| १. | Service 1 | 17th November, 2026 | 19th November, 2026 |
| २. | Forestry | 18th November, 2026 | 19th November, 2026 |
| ३. | Agriculture & Livestocks | 20th November, 2026 | 10th December, 2026 |
| ४. | Manufacturing | 11th December, 2026 | 22nd December, 2026 |
| | | 4th January, 2027 | 21st January, 2027 |
| | | 29th January, 2027 | 5th February, 2027 |
| | | 10th February, 2027 | 25th February, 2027 |

- **परीक्षा सञ्चालन हुने स्थानः-** राष्ट्रिय ब्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैसेपाटीको परिसरमा रहेको UBT-Hall ललितपुर ।
- परीक्षा सञ्चालन मिति भन्दा एक दिन अगावै आफ्नो सिफ्ट अनुसार ई.पि.एस. कोरिया शाखा, ग्वार्को, ललितपुरमा बायोमेट्रिक (Finger print) दर्ता (Registration) को लागि उपस्थित हुनुपर्नेछ । साथै परीक्षाको दिन निर्धारित मिति र समयमा Biometric रुजु (verification) को लागि दुई (२) घण्टा अगावै परीक्षा केन्द्र (UBT भवन, भैसेपाटी) मा उपस्थित हुनु पर्नेछ ।
- निर्धारित मिति, सिफ्ट र समयमा आवश्यक कागजात **(रंगीन प्रवेश पत्र र सक्कल राहदानी, पुरानो भए सो समेत)** सहित उपस्थित हुन नसकेमा निजलाई कुनैपनि अवस्थामा परीक्षामा सहभागी गराईने छैन ।
- Mobile phone, PDA, Electronic Dictionary, Smart Watch, लगायतका अन्य विधुतीय सञ्चारका साधनहरु र झोला परीक्षा हल भित्र पूर्णतः निषेध गरिएको छ ।
- परीक्षामा चिट, कपी र होहल्ला गरेको भेटिएमा सो परीक्षा रद्द गरी चार वर्ष सम्मका लागि परीक्षामा समावेश हुन निषेध गरिनेछ ।
- तोकिएको परीक्षा समय भन्दा एक (१) घण्टा अगावै Orientation हुनेछ । Orientation मा बायोमेट्रिक (Finger print) भेरिफिकेशन गरी उपस्थित हुनु पर्नेछ ।
- परिक्षार्थीहरुको परिक्षा मिति, समय र सिफ्ट सहितको विवरण यसैसाथ संलग्न गरिएको छ।

ई.पि.एस.कोरिया शाखा
Computer Engineer